## मल्लरानी गाउँपालिका

## आ.व. २०८१/०८२ को वार्षिक प्रगति समिक्षा प्रतिवेदन

मितिः २०८२ श्रावण १५ गते

स्थानः जिल्ला समन्वय समितिको सभाहल

### १. परिचय

नेपालको मध्य भाग महाभारत श्रीङखलामा शीर भै दक्षिण हुदै बग्ने राप्ती नदीको सहायक नदीहरु झिमरुक,चुजा खोलाको विचमा सुन्दर मल्लरानी डाडाको काखमा मल्लरानी गाउपालिका रहेको छ । लुम्बिनी प्रदेशमा पर्ने यो मल्लरानी गाउँपालिकामा साबिकका चुजा,धरमपानी,रस्पुरकोटका वडा नं ६,७,८ र ९ सम्म,प्यूठान नगरपालिकाका वडा नं. १,२,३,५ र १८ मिलि बनेको छ । यो गाउँपालिकाको पूर्ब अर्घाखाचीको भुमिकास्थान न.पा.,मालारानी गा.पा. , दक्षिण प्यूठान न.पा. र एरावती गा.पा. पर्दछ भने पश्चिम प्यूठान न.पा. र उत्तर झिमरुक गा.पा. पर्दछ ।

८२०४९ देखि ८३०११ पूर्वी देशान्तर र २८०२ देखि २८०७ अक्षाश बिच अवस्थीत मल्लरानी गाउपालिका करिव ८०.०९ वर्ग कि.मि. क्षत्रफलमा समुन्द्री सतह देखी करिव ४९२ देखी १८८२ मी सम्म फैलिएको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार १५६४६ जनसंख्या रहेको यो गाउँपालिकामा पनि देशको अन्य क्षेत्रमा जस्तै बहुल, जाति धर्म र संस्कृतिको बस्ति छ । करिव २७% मगर जातिको बसोबास रहेको यो गाउँपालिकामा कामी, दमाई, क्षेत्री, बाहुन, नेवार, सार्की, गुरुङ, घर्ति लगाएतको जातिगत मिश्रीत बस्तीहरु छन । जातीय तथा धार्मिक सहिष्णुता र सद्भाव यहाँको विशेषता रही आएको छ । आ-आफ्नो जाती संस्कृति अनुसार हुने बिवाहको अतिरिक्त अन्तर जातिय विवाह समेत स्वीकार्य छ । छुवाछुत प्रथा पनि हट्दै गएता पनी सामाजिक रुपमा विद्यमान छ । यहाँ बोलीने भाषामा नेपालीका साथै नेवार, समुदायमा मातृभाषा पनि प्रचलनमा छ । हिन्दु धर्मको बाहुल्यता रहेको यस क्षेत्रमा मठ, मन्दिर, शिला, भूमि, वृक्ष र जलमा परमेश्वरको आराधना र पुजा हुन्छ । परम्परादेखी आ-आफ्ना जातीय संस्कृति अनुसार घाटु,सोरठी, वालन, मालसोरी लोप हुनै लागेपनी मारुनी,पन्चेबाजा,सराय,झ्याउरे, चुड्का आदीले अस्तित्व सम्म धान्दै आएको छ । आधुनिक प्रविधिको प्रयोगले बिगतको संस्कृतिलाई किनारा लगाउने क्रम यो क्षेत्रमा पनि अन्यत्र जस्तै छ ।

चाडपर्बमा साउने सक्रान्ती नागपञ्चमी, जनैपुर्णिमा, कृष्ण जन्माष्टमी, हरीतालीका तिज वडादशै दिपावली (तिहार), माघेसक्रान्ती चैते दशै (रामनवमी) शिवरात्री, नवबर्ष सक्रान्ती बुद्धजयन्ती यस क्षेत्रमा मनाइने जातीगत र सामुहिक चाडपर्व हुन ।

ऐतिहासिक धरोहर तथा सम्पदाको रुपमा झाक्रीस्थान यस क्षेत्रकै प्रसिद्ध धार्मिक स्थल हो भने शिवालय,देवी कोट श्रद्धा र अस्थाका केन्द्र हुन ।

यो गाउँपालिकाको प्रमुख पेसा कृषि भएपनि बिस्तारै युवा बैदेशिक रोजगारमा जाने प्रबृत्ति र उत्पादनको तुलनामा लागत बढ्नाले यो पेशा प्रति आकर्षणको सट्टा बिर्कषण बढ्दै छ । स्थानीय उत्पादनले यहाँका

बासिन्दालाई मुस्किलले ६ महिना धान्न सक्छ । कृषि उत्पदनमा मकै, धान, कोदो, गहँु, फापर,तोरी हुन । अन्य बालीमा मास, भटमास, गहत, बोडी, केराउ, आलु, पिडालु, र अदुवा बेसार हुन । फलफुलमा लेकतर्फ सुन्तला, कागती, अमिलो (निबु) र बेसिमा केरा, आप, कटहर, मेवा, अम्बा, नासपती, लिचि आदी हुन यी मध्य सवै जसो निर्वाहमुखी छन । घरायसी प्रयोगका लागी सिमित हुन्छ । यहाँ उत्पादित वस्तु मध्ये मुख्य रुपमा अदुवा, बोडी, भट्टमास, सुन्तला, पिडालु, बेसारका साथै स्थानीय जातका खसी, कुखुरा, घ्यू उत्पादन भएपनी औद्योगिक उत्पादनका लागी पूर्बाधार विकासमा जोडदिन पर्नेछ ।

यहाको मुख्य आयआर्जन माथि उल्लेखित कृषि जन्य बस्तु अमृसो बाट बनेका बस्तु,दालचिनीको पात तथा बोक्रा र सल्लोको खोटो निर्यातका साथै देश र विदेशमा रोजगारका लागी जाने युवाहरुको कमाई मुख्य स्रोत हो । खाद्य लगायत लत्ता, कपडा र निर्माण सामाग्री आपूर्तिका लागी रेमिटान्सले धानेको छ । त्यसैले बैदेशिक रोजगारबाट आउने रकम नै जिवन धान्ने साहारा बनेको छ ।

यस क्षेत्रमा शैक्षिक गती विधी धरै पहिले देखीनै औपचारिक,अनौपचारिक रुपमा संचालनमा रहेपनी प्राविधिक शिक्षाको अभावमा शैक्षिक बेरोजगारीको दर ज्यादै उच्च रहेको छ । रोजगारकालागी स्थानीय स्तरमा उपयुक्त बातावरण नहुनाले देश बमहिर अन्य क्षेत्रमा भारत लगायत मलेसिया, जापान, अष्ट्रेलिया, अरबी मुलुक साथै यूरोप र अमेरिकामा समेत जाने क्रम जारी छ । यसरी रोजगारमा जाने मध्ये सुरुमा ब्रिटिस र भारतीय सेनामा सिमित भएकोमा पछिल्ला दिनमा बहुराष्ट्रिय कम्पनी र घरेलु कार्यमा पनि जाने चलन छ । शिक्षा र रोजगारका लागी बिदेश जाने क्रम बढ्दो रुपमा छ ।यस कारणले गर्दा शिक्षालाई अगाडी बढाउनको निम्ती र थप शसक्त र मुर्त रुप दिनको लागी शिक्षा क्षेत्रमा १५ प्रतिशत रकम छुटयाई शैक्षीक तथा भौतीक कार्यमा लगानी गरिएको छ ।

- कर्मचारी दरबन्दी
    - कुल दरबन्दी संख्याः ४२
    - पदपूर्ति संख्याः २६
    - कार्यरत कर्मचारी संख्याः ५१ (स्थायी २६, करार २५)
- प्रमुख गतिविधि र उपलब्धि
    - कार्यपालिका बैठक २३ पटक सम्पन्न।
    - हालसम्म ८३ वटा ऐन तथा नियमावली निर्माण।
    - विभिन्न पदहरू (मेडिकल अधिकृत, सूचना प्रविधि अधिकृत, कृषि स्नातक, फिल्ड सहायक, आप्रवासी श्रोत केन्द्र परामर्शदाता, अ.हे.ब. र कार्यालय सहयोगी) पदपूर्ति।
    - सूचना अधिकारीको व्यवस्था भएको।
    - शाखागत रुपमा कार्य विभाजन र कार्यक्रम व्यवस्थापन।
    - नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार।
    - विपद् सामग्री खरिद गरी वडा कार्यालयहरूमा वितरण।

१. आय विवरण

संघीय सरकारबाट प्राप्त

- कुल प्रस्तावितः रु. २८,२६,५४,०००

- वास्तविकः रु. २४,६१,०६,६८४.४० (८७.०७%)
- फरकः रु. ३,६५,४७,३१५.६०

मुख्य शीर्षक अनुसारः

- समानिकरण अनुदानः रु. ८,३१,००,००० → वास्तविक रु. ७,६२,५२,५६० (९१.७६%)
- सशर्त चालु अनुदानः रु. १६,२०,५४,००० → वास्तविक रु. १५,१९,८८,५९९.४० (९३.७९%)
- सशर्त पुँजीगत अनुदानः रु. ९०,००,००० → वास्तविक रु. ७४,४४,१९२ (८२.७१%)
- समपुरक अनुदान (पुँजीगत): रु. २,८५,००,००० → वास्तविक रु. १,०४,२१,३३३ (३६.५७%)

प्रदेश सरकारबाट प्राप्त

- कुल प्रस्तावितः रु. २,१७,३३,०००
- वास्तविकः रु. १,६९,७७,६८६ (७८.१२%)
- फरकः रु. ४७,५५,३१४

मुख्य शीर्षक अनुसारः

- समानिकरण अनुदानः रु. ५२,७१,००० (१००% प्राप्त)
- सशर्त चालु अनुदानः रु. ४,६२,००० → रु. ३,४५,७३० (७४.८३%)
- सशर्त पुँजीगत अनुदानः रु. ७०,००,००० → रु. ५९,०८,८६२ (८४.४१%)
- विशेष अनुदानः रु. २०,००,००० → रु. १२,३६,५०० (६१.८३%)
- समपुरक अनुदानः रु. ७०,००,००० → रु. ४२,१५,५९४ (६०.२२%)

राजस्व बाँडफाँट

- प्रस्तावितः रु. ८,०५,२५,३०१
- वास्तविकः रु. ७,३५,६४,३५३.७८ (९१.३६%)

आन्तरिक स्रोत

- प्रस्तावितः रु. ३,३७,६४,८५२
- वास्तविकः रु. ३,७७,८९,५८७.३१ (१११.९२%)

कुल आय

- प्रस्तावितः रु. ४१,८६,७७,१५३
- वास्तविकः रु. ३७,४४,३८,३११.४९ (८९.४३%)

२. व्यय विवरण

चालु खर्च

- प्रस्तावितः रु. २७,४२,३३,७००
- वास्तविकः रु. २४,२८,६८,०३३.२२ (८८.५६%)

मुख्य खर्चः

- कर्मचारी पारिश्रमिकः रु. १५,०७,१८,६०९.१२ (९२.१४%)
- पदाधिकारी भत्ता/सुविधाः रु. ७१,५९,३९० (९१% भन्दा माथि)

- कार्यालय संचालन (पानी, बिजुली, सञ्चार, इन्धन, बीमा, मर्मत): ८०—१००% भित्र
- करार सेवा शुल्कः रु. ४३,४०,३०२.६० (९६.४५%)
- कार्यक्रम खर्चः रु. ५,२१,२९,८२४ (८५.७३%)
- अनुगमन/मूल्यांकनः रु. १६,०९,४२६ (८४.७१%)

पुँजीगत खर्च

- प्रस्तावितः रु. १४,४४,१६,१५२
- वास्तविकः रु. ९,२७,२६,७९५ (६४.२%)

मुख्य खर्चः

- गैर—आवासीय भवनः रु. ४६,८२,२६७ (७४.९२%)
- सडक तथा पुलः रु. ५,३६,१४,३१७ (५९.६९%)
- खानेपानी संरचनाः रु. ८६,०२,०१८ (८१.७%)
- सरसफाइ संरचनाः रु. ९,८०,९६७ (९८.८४%)
- वन तथा वातावरण संरक्षणः रु. १०,४४,४३२ (९६.९३%)
- अन्य सार्वजनिक निर्माणः रु. १,४२,४८,८८० (८३.९६%)

कुल व्यय

- प्रस्तावितः रु. ४१,८६,४९,८५२
- वास्तविकः रु. ३३,५५,९४,८२८.२२ (८०.१६%)

**आर्थिक विकास तर्फः**

१. आलु पकेट विकास कार्यक्रम अन्तर्गत ९४ घरधुरीले ९८ टन आलु उत्पादन गरेकोमा ८३.५ टन विउको भण्डारणको लागि शिल भण्डारमा भण्डारण गरिएको छ भने बाँकी १४.५ टन विक्रि भएको छ।

२. नयाँ अदुवा बेसार पकेट विकास कार्यक्रम अन्तर्गत ६५ घरधुरीलाई ३५ क्विन्टल अदुवाको बीउ लगायत मल्चिङ रोल, त्रिपाल, क्यारेट र मिनिटिलर लगायका सामाग्रीहरु वितरण गरिएको छ।

३. व्यवसायिक कृषकहरुलाई कृषि बाली उत्पादन प्रोत्साहन कार्यक्रम अन्तर्गत ५८ जना कृषकहरु मध्ये मापदण्ड पुगेका ४९ जनालाई उत्पादनमा आधारित अनुदान रकम वितरण गरिएको छ साथै कार्यक्रमबाट आलुको विउ ८३५० के.जी. घ्यू ५५ के जी लसुन प्याज ७८० के जी सिमिको विउ १३० के जी फलफूल २८६३ के जी तरकारी १७७११ के जी बेसार धुलो १४० के जी अण्डा १६६६ क्यारट च्याउ ७८१ के जी उत्पादन गरि संकलन केन्द्र मार्फत विक्र वितरण भएको छ।

४. पढ्दै कमाउँदै कार्यक्रम अन्तर्गत भानुभक्त मा.वि. का ६८ विद्यार्थीहरुलाई च्याउ तथा प्याज खेती कार्यक्रममा सहभागि गराईएको छ।

५. किशान सूचिकरण कार्यक्रम र कृषि, पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अद्यावधिक गर्ने कार्य सञ्चालन भईरको छ।

६. आकस्मिक वालि संरक्षण कार्यक्रम अन्तर्गत कृषकहरुलाई सेवा दिईएको छ।

७. व्यावसायिक कृषकलाई नयाँ प्रविधि तथा खेती सम्बन्धी सिप विकास तालिम प्रदान गरिएको छ।

८. पशुपन्छी उपचार कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका ११७९ घरधुरीका १२,९३३ पशुपन्छीलाई उपचार सेवा प्रदान गरिएको छ।

९. पशु स्वास्थ्य शिविर कार्यक्रम अन्तर्गत वडा नं. २ चुँजा र वडा नं. ५ जोरपोखरीमा २७५ घरधुरीका ४,४२० पशुपन्छीलाई उपचार सेवा प्रदान गरिएको छ।

१०. भ्याक्सिनेटर मार्फत सम्पूर्ण वडाका १४,९४३ बाख्रा तथा भेडामा पी.पी.आर. खोप सेवा प्रदान गरिएको छ।

११. स्वच्छ दूध उत्पादनका लागि सामाग्री वितरण कार्यक्रम अन्तर्गत ३ वटा सहकारी संस्थाहरुलाई ल्याक्टोमिटर र दुधको क्यान वितरण गरिएको छ।

१२. कृत्रिम गर्भाधान कार्यक्रम अन्तर्गा गाई ४१, भैसी १४१ लाई कृत्रिम गर्भाधान सेवा दिईएको छ।

१३. बाख्राको स्रोत केन्द्र कार्यक्रम अन्तर्गत १०० प्रतिशत बोयर जातका ७ वटा बाख्रा र १ वटा बोका वडा नं ५ स्थित सरङ्कोट कृषि तथा पशुपन्छी फर्मलाई वितरण गरिएको छ।

१४. महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम अन्तर्गत पशु स्वास्थ्य प्राविधिकको सिफारिसमा औषधि खरिद गरि आवश्यकता अनुसार वितरण गरिएको छ।

१५. रोजगार सेवा केन्द्र मार्फत ६९ श्रमिकलाई १०० दिनको रोजगारीमा संलग्न गराई २० वटा आयोजनाबाट ३२.६ कि.मी. घोरेटो बाटो मर्मत र मोटरबाटो स्तरोन्नति गरिएको छ।

१६. ५१ जनाको वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति प्रक्रियामा सहजीकरण गरिएको छ।

१७. मल्लरानी पर्यटकीय क्षेत्रमा पूर्वाधार निर्माण सम्पन्न भएको छ र बुकिडाँडामा पूर्वाधार निर्माण कार्यलाई विस्तार गरिएको छ।

१८. खलंगा-स्वामिडाँडा-मल्लरानी पर्यटकीय पदमार्ग यस वर्ष ७३ मि. निर्माण सम्पन्न भएको छ।

**आर्थिक विकास तर्फको समस्या/चुनौती, अवसर र आगामी आ.व मा गरिने प्रयासः**

**समस्या/चुनौती**

- कृषक सूचिकरण तथा तथ्याङ्क अद्यावधिक अपूरो, दिगोपन सुनिश्चित गर्न कठिनाई।
- उत्पादन भण्डारण र बजार व्यवस्थापन अझै अपूरो।
- भ्याक्सिन, औषधि र पशु उपचारका लागि प्राविधिक र स्रोत साधनको कमी।
- वैदेशिक रोजगारीमा जाने श्रमिकको सीप अभाव, जोखिमपूर्ण गमन।

**अवसर**

- आलु, अदुवा, बेसार, तरकारी, च्याउ जस्ता नगदे बालीको उत्पादन बढाउन आधार।
- सहकारी संस्था मार्फत दुध उत्पादन र गुणस्तरीकरण।
- बाख्रा, गाई—भैसीको कृत्रिम गर्भाधान र श्रोत केन्द्र स्थापनाले पशुस्तरमा आम्दानी वृद्धि गर्ने सम्भावना।
- रोजगारी सेवा केन्द्रको विस्तारले आन्तरिक रोजगारीका अवसर सिर्जना।

**आगामी आ.व.मा गरिने प्रयास**

- उत्पादन—विपणन चक्रलाई मजबुत बनाउन कृषक उत्पादन संकलन केन्द्र र सहकारी बजार सुदृढ।

- पशु उपचार र भ्याक्सिनेशन कार्यक्रमलाई नियमित र प्राविधिकमैत्री बनाउने।
- कृषकलाई नयाँ प्रविधि (Greenhouse, Drip irrigation, मिनी टिलर आदि) को प्रयोगमा प्रोत्साहन।
- कृषि—पर्यटन (Agro-tourism) कार्यक्रमको विकास।

**सामाजिक विकास तर्फः**

१९. गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न गरिएको छ जसमा मा ८ विद्यालयका १७५ विद्यार्थीहरु प्रत्यक्ष सहभागी भएका थिए।

२०. कक्षा ८ को परीक्षामा ३०७ विद्यार्थी सहभागी भएकोमा ७१% विद्यार्थी कक्षा ९ मा पढ्न योग्य भएका छन्।

२१. सामुदायिक विद्यालयका कक्षा ८ र १० मा अध्ययनरत ५८८ जना विद्यार्थीहरुका लागि अंग्रेजी, गणित र विज्ञान विषयको अतिरिक्त कक्षा सञ्चालन गरिएको छ।

२२. प्युठान क्याम्पसमा प्रथम वर्षमा अध्ययनरत विपन्न विद्यार्थीहरुका लागि गाउँपालिकाका पाँच वटै वडाबाट ४/४ जनाका दरले २० विद्यार्थीलाई निःशुल्क उच्च शिक्षाको व्यवस्था गरिएको छ।

२३. सामुदायिक विद्यालयका ३ जना अस्थायी शिक्षकलाई प्रसूती प्रोत्साहन अनुदान प्रदान गरिएको छ।

२४. उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थीलाई सम्मान कार्यक्रम सम्पन्न गरिएको छ।

२५. सामुदायिक विद्यालयका २३ जना शिक्षकहरुका लागि एकीकृत पाठ्यक्रम सम्बन्धी तालिम प्रदान गरिएको छ।

२६. सामुदायिक र संस्थागत विद्यालयका २४ जना IT स्रोत शिक्षकहरुका सूचना प्रविधि सम्बन्धी क्षमता विकास सम्बन्धी तालिम प्रदान गरिएको छ।

२७. सामुदायिक विद्यालयका ९८७ छात्रालाई निःशुल्क सेनिटरी प्याड वितरण गरीएको छ।

२८. सामाजिक परिक्षण प्रतिवेदन तथा कार्य सम्पादन मूल्याङ्कनमा आधारमा उत्कृष्ट विद्यालयहरुलाई अनुदान रकम वितरण गरिएको छ।

२९. एच.आई.भी. संक्रमित ५ जनालाई मासिक रु १००० का दरले पोषण भत्ता प्रदान गरिएको छ।

३०. १५३ गाउँघर क्लिनिक र १५३ खोप क्लिनिक सञ्चालनबाट क्रमशः ३३६६ र १७८० जना लाभान्वित भएका छन्।

३१. पुर्ण संस्थागत सुत्केरी सेवा कार्यक्रम अन्तर्गत ९० संस्थागत सुत्केरीलाई पिम्याट र ब्लाङ्केट वितरण गरिएको छ ।

३२. बिरामीका आधारमा स्वास्थ्य संस्थालाई अनुदान प्रदान कार्यक्रमलाई निरन्तरता दिईएको छ।

३३. पाठेघर सम्बन्धी बिरामी व्यवस्थापन कार्यक्रम अन्तर्गत २१३ जनाको पाठेघर परीक्षण गरिएको मध्ये ८ जना छनौट भएको जसमध्ये १ जनाको सफल शल्यक्रिया सम्पन्न भएको छ।

३४. ३५ जना स्वयंसेविकालाई Medic Mobile र ११ स्वास्थ्यकर्मीलाई e-LMIS तालिम प्रदान गरिएको छ।

३५. पालिका भित्रका ११ विद्यालयमा ९६० जना किशोरीको रक्तअल्पता परीक्षण तथा रक्त समूह जाँच गरिएको छ।

३६. धरमपानी स्वास्थ्य चौकीलाई १ थान माइक्रोस्कोप र खैरा स्वास्थ्य चौकीलाई १ थान भिडियो एक्सरे मेसिन प्रदान गरिएको छ।

३७. नसर्ने रोग स्क्रिनिङ्ग कार्यक्रम अन्तर्गत २६३० जना को स्वास्थ्य परिक्षण गरिएको छ।

३८. गर्भवती, सुत्केरी तथा अति विपन्न नागरिकलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ।

३९. १६४ सुत्केरीको घरभेट मार्फत उत्तरप्रसूति सेवा प्रदान गरिएको छ।

४०. ३६,६२७ जना बिरामीलाई (महिला २१,४६७, पुरुष १५,१६०) निःशुल्क औषधि वितरण गरिएको छ।

४१. ४० जना अपाङ्गता भएका व्यक्ति र संरक्षकलाई क्षमता विकास तालिम, बाख्रा पालन तालिम र सहायता सामग्री वितरण गरिएको छ।

४२. २९ जना लाई अपाङ्गतता परिचयपत्र वितरण गरिएको छ।

४३. अल्पकालीन सेवा केन्द्र मार्फत ८ जना पीडित महिलालाई हिंसा पीडित महिला तथा किशोरीहरूलाई सुरक्षित आवास, खाना, परामर्श, कानूनी सहायता लगायत आवश्यक सहयोग प्रदान गरिएको छ।

४४. मल्लरानी गाउँपालिका भित्रका १५१ जना ज्येष्ठ नागरिकहरूलाई निःशुल्क आँखा उपचार सेवा प्रदान गरिएको छ साथै ९६ जनालाई चस्मा वितरण र २५ जनाको आँखाको शल्यक्रिया (अप्रेशन) गराइएको छ।

४५. लैङ्गिक हिंसा न्यूनीकरणका लागि मल्लरानी गाउँपालिका अन्तर्गतका ५२१ जनालाई लागि लैङ्गिक हिंसाविरुद्धको जनचेतना अभिवृद्धि कार्यक्रम प्रदान गरिएको छ।

४६. वडा नं १, २ र ३ का महिलाहरुलाई बाजा बजाउने तालिम प्रदान गरि बाद्यबादनका सामाग्रीहरु वितरण गरिएको छ।

४७. जनजाति समुदायका २० जनालाई अचार बनाउने सीप विकास तालिम प्रदान गरिएको छ।

४८. गाउँपालिका अन्तर्गतका ५ वटा माध्यमिक विद्यालयहरूका १७५ जना किशोरीहरुका लागि आत्मरक्षा तालिम प्रदान गरिएको छ।

४९. स्थायी रूपमा साना व्यवसाय सञ्चालन गरिरहेका १० जना दलित व्यवसायीहरूलाई सिलाइकटाइ मेसिन र कैंची प्रदान गरिएको छ।

५०. वडा नं. १, ३ र ५ मा जेष्ठ नागरिक सञ्जाल पुनर्गठन गरी पालिका स्तरका १६० जना जेष्ठ नागरिकहरुका बिच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

५१. वडा नं. १ मा महिला सञ्जाल पुनर्गठन भई १०७ जना महिला सदस्यहरुका लागि नेतृत्व विकास तथा संस्थागत सुदृढीकरण सम्बन्धी तालिम प्रदान गरिएको छ।

५२. गाउँपालिका भित्रका बालबालिकाको अवस्थाबारे तथ्यांक संकलन, वर्गीकरण तथा अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ।

५३. वडा नं. ३ र ४ मा बाल सञ्जाल पुनर्गठन भई अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ साथै, बालविवाह र बालहिंसा न्यूनीकरण सम्बन्धी जनचेतनामूलक चलचित्र प्रदर्शन गरिएको छ।

५४. दोमाई खोला लिफ्ट खानेपानी आयोजनाको निर्माण कार्य अन्तिम चरणमा रहेको छ जसबाट १८० घरधुरी लाभान्वित हुनेछन्।

५५. गिरिचौर लिफ्ट खानेपानीका लागि आवश्यक सामग्री खरिद गरिएको र उक्त आयोजनाको निर्माण कार्य यसै आ.ब. मा सम्पन्न गरिनेछ।

५६. गाउँपालिका भित्रका सबै लिफ्ट आयोजनाहरूको ५०% विद्युत महसुल पालिकाबाट भुक्तानी गरिएको छ।

५७. वडा नं १ को भुल्के खजुरे लिफ्ट खा.पा र वडा नं ५ को सरङ्गकोट दरभाने लिफ्ट खानेपानी आयोजनाको लागि आवश्यक सामग्रीहरुको खरिद प्रकृया अगाडी बढेको छ।

५८. झिमरुक मल्लरानी लिफ्ट खानेपानी आयोजना सम्पन्न भई खानेपानी आपूर्तीलाई सहज बनाईएको छ।

५९. N-WASH Application मार्फत खानेपानी आयोजना, सार्वजनिक शौचालय, फोहोरमैला व्यवस्थापन, विद्यालय, स्वास्थ्य संस्थाको विवरण N-WASH प्रणालीमा अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ।

**सामाजिक विकास तर्फको समस्या/चुनौती, अवसर र आगामी आ.व मा गरिने प्रयासः**

**समस्या/चुनौती**

- विद्यालयमा शिक्षक दरबन्दी मिलान समस्या।
- स्वास्थ्य सेवामा औजार/जनशक्ति अभाव (जस्तै पाठेघर शल्यक्रिया, नसर्ने रोग उपचार)।
- किशोरी र महिला स्वास्थ्य (रक्तअल्पता, पोषण, माहवारी) सम्बन्धी चुनौती।
- हिंसा पीडित महिला तथा अपाङ्गता भएका व्यक्तिको दीगो पुनःस्थापना चुनौतीपूर्ण।

**अवसर**

- विद्यार्थी अतिरिक्त कक्षा, IT तालिम, आत्मरक्षा तालिमले शिक्षामा गुणस्तर सुधार।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण कार्यक्रम विस्तार।
- स्वास्थ्य सेवामा नयाँ प्रविधि (e-LMIS, Medic Mobile) प्रयोग, दीगो सुधार।
- बाल/महिला/ज्येष्ठ नागरिकका लागि विशेष कार्यक्रमलाई बलियो आधार।

**आगामी आ.व.मा गरिने प्रयास**

- शिक्षा गुणस्तरीकरण योजना: अतिरिक्त कक्षा, शिक्षक सुपरिवेक्षण निरन्तरता।
- स्वास्थ्यमा नसर्ने रोग स्क्रिनिङ, मातृ स्वास्थ्य र किशोरी स्वास्थ्य प्राथमिकता।
- महिला सशक्तिकरण र हिंसा न्यूनीकरण कार्यक्रममा स्थायी संरचना।
- अपाङ्गता भएका व्यक्तिका लागि रोजगारी—आधारित कार्यक्रम (व्यवसायिक सीप तालिम)।

**पूर्वाधार विकास तर्फः**

६०. मल्लरानी गाउँपालिका वडा नं ४ को खलंगा बजार भित्रका सम्पूर्ण सडकहरुलाई पक्की गराउने कार्य सम्पन्न भएको छ।

६१. गाउँपालिका भित्रका सडकहरु मध्ये आर.सी.सी. २४९ मि. र पी.सी.सी. १३८ मि. गरी कुल ३८७ मि. पक्की सडक निर्माण गरिएको छ।

६२. गाउँपालिका भित्रका मुख्य मुख्य सडकहरुको स्तरोन्नति गर्ने कार्य अन्तर्गत खाल्डाखुल्डी सुधार, ग्राभेल, ग्याभियनवाल, ब्याक कटिङ गर्ने कार्यलाई निरन्तरता दिईएको छ।

६३. पालिका भित्रका मुख्य सडकहरु मध्ये २.९७५ कि.मि. पक्की नाली र ५०० मि. कच्ची नाली निर्माण कार्य सम्पन्न भएको छ।

६४. यस आ.ब. मा गाउँपालिका भित्रका वडा नं १ को चँदुले हरिथुङ्गा देउराली मो.बा., वडा नं १ कै देउराली थाम सोलहाल्ना र वडा नं ५ को रामपानी वडा कार्यालय मो.बा गरी जम्मा ४.४ कि.मि नयाँ ट्र्याक निर्माण गरिएको छ।

६५. वडा नं १ को थाम बस्तीमा सडक पहुँच पुर्याईएको छ भने वडा नं ५ को रामपानी वडा कार्यालय मो.बा. स्तरोन्नती गरी वस्ती र वडा कार्यालय विच सहज रुपमा सडकको पहुँच पुगेको छ।

६६. वडा नं २ को मुढखोला र कुडारखोला र वडा नं ३ को बुढदेवी खोलामा कल्भर्ट निर्माण सम्पन्न गरिएको छ।

६७. पालिका भित्रका All Weather Road को रुपमा पहिचान गरिएको प्रत्येक वडाका १/१ वटा गरी जम्मा ५ वटा सडक स्तरोन्नति गर्ने कार्यलाई नियमित गरिएको छ।

६८. १५ शैयाको आधारभूत अस्पताल भवन ५० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ।

६९. वडा नं. १ स्थित जनजागृति प्रा.वि. अर्भाङको ४ कोठे विद्यालय भवन निर्माण सम्पन्न भएको छ।

७०. गाउँपालिकाको यातायात गुरुयोजनाको निर्माण कार्य सम्पन्न गरि कार्यान्वयनमा ल्याईएको छ।

७१. संघीय समपुरक तर्फ देउराली थाम सोलहाल्ना मो.बा. को ट्राक खोल्ने कार्य र शिर्षेगैरा मुन्डाँडा चुँजाठाटी मो.बा. स्तरोन्नती गर्ने कार्य सम्पन्न गरिएको छ।

७२. प्रदेश समपुरक तर्फ थापाडाँडा प्यूठान क्याम्पस बसपार्क सडक, धरमपानी रैजनपानी चौरपानी सडक र चुँजाठाटी कुडार बान्ना सडकको स्तरोन्नती गर्ने कार्य सम्पन्न गरिएको छ।

७३. स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको साझेदारीमा वडा नं १ को टोड्के चँदुले हरिथुङ्गा देउराली मो.बा., जनता मा.वि लुक्काको सेयरवाल, वडा नं २ को मुडखोला कलभर्ट निर्माण र चुँजाठाटी कुडार बान्ना मरभुङ्ग सडक, वडा नं ३ को बुढदेवी कलभर्ट निर्माण र गिरिचौर लिफ्ट खानेपानी आयोजना, वडा नं ४ को खलंगा बजार क्षेत्र भित्रका सडक स्तरोन्नती र वडा नं ५ को रामपानी वडा कार्यालय सडक, झाक्रिस्थान सिम कात्रेखोला सडक निर्माण कार्य सम्पन्न भएको छ।

**पूर्वाधार विकास तर्फको समस्या/चुनौती, अवसर र आगामी आ.व मा गरिने प्रयासः**

**समस्या/चुनौती**

- पुँजीगत खर्च कम भएको (६४%)।
- All Weather Road को संरक्षण र मर्मत चुनौतीपूर्ण।
- अस्पताल भवन निर्माण ढिलो, स्वास्थ्य सेवामा असर।

**अवसर**

- यातायात गुरुयोजना निर्माण सम्पन्न, अब कार्यान्वयनमै ध्यान दिन सकिने।
- संघ/प्रदेश/स्थानीय साझेदारीमा पूर्वाधार निर्माणले दिगोपन ल्याउने।
- Drinking Water योजनाहरूमा N-WASH प्रणाली लागू भएकाले डिजिटल निगरानी सम्भव।

**आगामी आ.व.मा गरिने प्रयास**

- All Weather Road र नाली व्यवस्थालाई निरन्तर मर्मत कोष बाट दिगो बनाउने।
- स्वास्थ्य पूर्वाधार (अस्पताल भवन, उपकरण)लाई शीघ्र सम्पन्न गर्ने।
- Drinking Water योजनामा Community Ownership प्रोत्साहन।

**पूर्वाधार तर्फको विगत र वर्तमानको अवस्था**

| कार्यक्रम | बिवरण | इकाइ | आ.ब. ०८०/८१ वडा तर्फको समेत | आ.ब.०८१/८२ वडा तर्फको बाहेक |
|---|---|---|---|---|
| सडक | कालो पत्रे | कि.मि | ४.०५५ | ० |
| | नयाँ ट्र्याक | कि.मि | ८.४२३ | ३.३४८ |
| | स्तरोन्नती | कि.मि | | ४७ |
| | मर्मत | कि.मि | ६५ | |
| | आर.सि.सि/पि.सि.सि.बाटो | मि. | २१४.७७ | ३८२.२ |
| | पक्की सिंढी | मि. | ८० | ६५ |
| | कल्भर्ट निर्माण | वटा | ० | ३ |
| खानेपानी | धारा बिस्तार | वटा | ४ | |
| | पाइपलाइन | मिटर | १०१६० | |
| | टंकी निर्माण | वटा | ९ | |
| | इन्टेक निर्माण | वटा | १३ | |
| | मुल संरक्षण | वटा | २ | |
| प्रतिक्षालय | नयाँ निर्माण | वटा | १६ | |
| | मर्मत | वटा | ३ | |
| | बेन्च निर्माण | वटा | ११ | |
| विद्यालय भवन | ४ कोठे भवन | वटा | १ | १ |

| | | | | |
|---|---|---|---|---|
| **सिंचाई** | आर सि सि कुलो | मि | १०९.२ | |
| | पि सि सि कुलो | मि | २९२.५० | |
| | सिंचाइ पोखरी | वटा | ११ | |
| **रिचार्ज पोखरी** | नयाँ निर्माण | वटा | ४ | |
| | मर्मत | वटा | ० | |
| **मन्दिर** | नयाँ निर्माण | वटा | १ | १ |
| | मर्मत | वटा | २ | ० |
| **शौचालय निर्माण** | नयाँ निर्माण | वटा | १ | ० |

**वन तथा वातावरण तथा विपद् व्यवस्थापन तर्फः**

७४. फोहरमैला व्यबस्थापन स्थलमा फोहर संकलन गरि व्यवस्थापन गर्ने कार्यलाई नियमित गरिएको छ ।

७५. मल्लरानी गाउँपालिका भित्रका वर्षादका कारण अबरुद्ध हुने सडकहरुलाई मर्मत संभार कोष मार्फत सुचारु गर्ने कार्यलाई नियमित गरिएको छ।

७६. सडक मर्मत संभारकर्ता मार्फत सडक मर्मत गर्ने कार्य नियमित गरिएको छ।

७७. विपद् व्यवस्थापनका लागि सुरक्षा निकाय संग समन्वय गरी सबै वडाबाट १/१ जना लाई स्वयंसेवक उद्धारकर्मी विपद् प्रतिकार्य तालिम प्रदान गरिएको।

७८. जलवायु परिवर्तन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फको समस्या/चुनौती, अवसर र आगामी आ.व मा गरिने प्रयासः**

समस्या/चुनौती

- प्राकृतिक प्रकोप (बाढी/पहिरो) का कारण सडक र पूर्वाधार प्रभावित।
- फोहोर व्यवस्थापन स्थायी संरचना अझै अपर्याप्त।

अवसर

- जलवायु परिवर्तन सम्बन्धी जनचेतना कार्यक्रमको आधार।
- विपद् व्यवस्थापन तालिम र स्वयंसेवक समूहको उपलब्धता।

आगामी आ.व.मा गरिने प्रयास

- Integrated Waste Management System लागू गर्ने।

- विपद् प्रतिकार्य टोलीलाई साधन र उपकरण उपलब्ध गराउने।
- Climate Resilient Infrastructure विकास।

**संस्थागत, सुशासन तथा क्षमता विकास विकास तर्फ**

७९. गाउँपालिकामा भए गरेका क्रियाकलापहरूमा पारदर्शिता कायम गर्नका लागि सार्वजनिक सुनुवाई र प्रगति समिक्षा कार्यक्रम गरी प्रगति समिक्षा, बार्षिक वजेट तथा कार्यक्रम पुस्तिका प्रकाशन गरिएको छ ।

८०. गाउँपालिकालाई विधि सम्मत ढंगले अघि बढाउन स्थानीय कानूनहरूको महत्वपूर्ण भूमिका रहेको छ सोका लागि गाउँपालिकाले कार्यक्रम संचालनमा सहजता ल्याउन यस वर्ष ४ वटा कार्यविधी संशोधन, ४ वटा नयाँ कार्यविधी निर्माण, २ वटा ऐन निर्माण र १ वटा ऐन संशोधन गरी हालसम्म जम्मा ८३ वटा स्थानीय कानून निर्माण गरी कार्यान्वयनमा ल्याईएको छ।

८१. सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो सेवा प्रदान गर्न र सुशासन कायम गर्नका लागि गाउँपालिका, वडा कार्यालय र सामुदायिक आधारभूत र माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरी कार्यान्वयन तथा नियमित रुपमा पालिकाबाटै नियमन गर्ने गरिएकोछ। इन्टरनेट सुविधा, गुनासो सुन्ने अधिकारी, सूचना अधिकारीको व्यवस्था गरिएको छ।

८२. कार्यालयको गतिविधिहरु नियमित रुपमा गाउँपालिकाको वेबसाईट, फेसबुक पेज लगायत सूचना पाटी मार्फत सार्वजनिक गरिएकोछ ।

८३. गाउँपालिका तथा वडा कार्यालयहरुबाट बुझिलिने राजस्वलाई विद्युतीय प्रणालीको प्रयोग मार्फत संकलन गरी सेवा प्रवाहलाई चुस्त एवम् पारदर्शी बनाईएको छ।

८४. प्रत्येक ३/३ महिनामा सूचनाको हक सम्बन्धी ऐन २०६४ बमोजिम कार्यालयबाट सम्पादन भएका गतिविधिहरु त्रैमासिक रुपमा स्वत प्रकाशन गरिएकोछ ।

८५. भुक्तानी प्रणालीलाई EFT (विद्युतीय भुक्तानी प्रणाली) मार्फत मात्र भुक्तानी गरी आर्थिक प्रशासन लाई चुस्त दुरुष्त, पारदर्शी, व्यवस्थित र प्रविधि मैत्री बनाईएको छ ।

८६. सामाजिक सुरक्षा भत्ता बस्तीस्तरमा गई वितरण गरिदै आएको छ र सामाजिक सुरक्षाभत्ता EFT मार्फत वितरण गरी लाभग्राहीलाई थप सहज बनाइएको छ।

८७. पालिक भित्रका जग्गा वर्गिकरण कार्य यसै वर्ष सम्पन्न भएको छ साथै आवधिक योजनाको निर्माण कार्यलाई अगाडी बढाईएको छ।

८८. राष्ट्रिय परिचयपत्रको लागि QR फाराम भर्ने कार्य गाउँपालिका तथा वडा कार्यालयहरुबाट गरिदै आईएको छ।

८९. यस आर्थिक वर्षमा भूमिकर र व्यवसाय करतर्फ २७० नयाँ करदाताहरु करको दायरामा आएका छन्।

९०. २११९ जना करदाताहरुलाई समयमै कर दाखिला गरे बापत कर छुट गरिएको छ।

९१. वडा नं ३ को चौरपानी क्षेत्र र वडा नं ५ को जोरपोखरी क्षेत्रबाट वडा कार्यालय मार्फत दिईने सेवा सुविधालाई हप्ताको १ पटक सञ्चालन गरि सेवा विस्तार गरिएको छ।

९२. न्यायिक समितिले न्यायिक समितिमा आएका विवादहरुको मेलमिलापको माध्यमबाट मिलापत्र गराइ स्थानीय तहमै न्याय निरुपण गरिएको छ।

९३. न्यायिक समितिमा प्राप्त भएका ८ वटा विवादहरु मध्ये ७ वटा विवादलाई मेलमिलापको माद्यमबाट समाधान गरिएको छ।

९४. क्षेत्राधिकार भन्दा बाहिरका विवादहरुका सम्बन्धमा कानून व्यवसायी तथा अन्य सरोकारवाला निकायसंग आवश्यक परामर्श गरिएको छ।

९५. न्यायिक समितिको जिल्ला स्तरीय सिकाई आदान प्रदान २ पटक सम्पन्न भएको छ भने एक पटक प्यूठान जिल्लाको जिल्ला स्तरीय न्यायिक सम्मेलन सम्पन्न भएको छ।

९६. मल्लरानी गाउँपालिका सबै वडामा गरी जम्मा ६ पटक सरोकारवालासँग वडा स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

९७. मेलमिलापकर्ता हरुका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ।

९८. जिल्ला अदालत, सरकारी वकिल कार्यालय, जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायका प्रतिनिधीहरु बिच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।

९९. मल्लरानी गाउँपालिकाका सबै वडामा मेलमिलाप केन्द्र स्थापना गरिएको छ।

**सुशासन तथा संस्थागत विकास तर्फको समस्या/चुनौती, अवसर र आगामी आ.व मा गरिने प्रयासः**

**समस्या/चुनौती**

- कर्मचारी दरबन्दी अपूरो।
- त्रैमासिक प्रकाशन भए पनि नागरिकमा सूचना पहुँच अझै सीमित।
- स्थानीय कानून निर्माणमा कानूनी विज्ञको कमी।

**अवसर**

- EFT प्रणाली, विद्युतीय राजस्व संकलन, डिजिटल हाजिरी कार्यान्वयन।
- मेलमिलाप समितिको सक्रियता र स्थानीय स्तरमै विवाद समाधान।
- ८३ वटा स्थानीय कानून निर्माण, कार्यान्वयनको आधार।

**आगामी आ.व.मा गरिने प्रयास**

- Digital Governance (ई-गभर्नेन्स) प्रणालीलाई अझै विस्तार।
- सामाजिक सुरक्षा कार्यक्रमलाई One Window System मार्फत।
- न्यायिक समिति र मेलमिलाप समितिलाई प्राविधिक र कानूनी क्षमता अभिवृद्धि।
- नागरिक सहभागिता कार्यक्रमलाई Ward-level participatory planning बाट मजबुत।

**उत्कृष्ट तस्विरहरुः**

# गाउँसभाको १७ औं अधिवेशन







# पूर्ब बजेट छलफल कार्यक्रम




मुढखोला कल्भर्ट निर्माण वडा नं २



कुडाँरा बान्ना मो.बा.



कात्रेखोला ट्रस पुल वडा नं ५



रामपानी वडा कार्यालय मो.बा.



देउराली थाम सोलहाल्ना सडक



चँदुले हरिथुँगा देउराली सडक



सिर्सेगैरा मुनडाँडा चुँजाठाटी सडक



देउराली थाम सोलहाल्ना सडकको थाम बस्तिमा



सिर्सेगैरा मुनडाँडा चुँजाठाटी सडक



देउराली थाम सोलहाल्ना सडकको थाम बस्तिमा



पालिका पूर्णखोप घोषणा कार्यक्रम




साझेदारी संस्थासँगको कार्यक्रम तथा सम्मान कार्यक्रम





नि:शुल्क आँखा शिविर तथा सुत्केरी घरभेट कार्यक्रम






जेष्ठ नागरिक घरभेट तथा नसर्ने रोगको स्कृनिङ्ग कार्यक्रम





खोप कार्यक्रम





समुदाय स्वास्थ्य तथा विद्यालय स्वास्थ्य कार्यक्रम











पाठेघरको समस्याको नि:शुल्क अप्रेशन





समुदायमा भएका कुपोषित बालबालिकाको खोज पडताल कार्यक्रम



समुदायस्तरमा सक्रिय क्षयरोग खोप पडताल कार्यक्रम



ग्रामिण भिडियो एक्सरे सेवा कार्यक्रम



ग्रामिणस्तरमा भिडियो एक्सरे सेवा प्रदान



समुदायस्तरमा सक्रिय क्षयरोग खोप पडताल कार्यक्रम

गाउँपालिका स्तरिय राष्ट्रपति शिल्ड प्रतियोगिता









विद्यालय भवन निर्माण जनजागृति प्रा वि अर्भाङ



महेन्द्र मा वि र अमर मा वि चुँजा विद्यालय सुधार योजना कार्यशाला



एकिकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज्ड तालिम र विद्यालय सुपरिवेक्षण



रोष्टर शिक्षक सहितको सुपरिवेक्षण र एकिकृत पाठ्यक्रम सम्बन्धी तालिम



IT स्रोत शिक्षकहरुको सूचना प्रविधि सम्बन्धी क्षमता विकास



पालिका स्तरीय बालसञ्जाल पुनरगठन तथा चौमासिक अन्तरक्रिया कार्यक्रम



जनजाती लक्षित सीप विकास तालिम सञ्चालन




अन्तराष्ट्रिय महिला दिवस



महिला सञ्जाल गठन तथा परिचालन



प्रोत्साहन स्वरुप सिलाईकटाई मेसिन वितरण




ज्येष्ठ नागरिक सञ्जाल गठन तथा परिचालन



सरडकोटमा निशुल्क च्याउ खेती प्रविधि तालिम



सरडकोटमा निशुल्क च्याउ खेती प्रविधि तालिम







धनुवासमा आलु खेती पछी मल्चिङमा प्याज खेती



प्रविधि विस्तारसँगै प्याज भण्डारण
















प्रधानमन्त्री रोजगार कार्यक्रमका प्रतिनिधिमूलक तस्वीरहरु


वडा नं १ मा अभिमूखीकरण कार्यक्रम संचालन


वडा नं २ मा अभिमूखीकरण कार्यक्रम संचालन


वडा नं १


वडा नं २


वडा नं ३


वडा नं ४


वडा नं ५

चौकेपाटा भल नियन्त्रण



वडा नं १ अन्तर्गतका कार्यक्रम
महिला स्वास्थ्य स्वंयसेविका प्रोत्साहन



वडा कार्यालय भवन मर्मत



चुदरिखोला कुलो निर्माण तथा सिचाई पाईप खरिद



खड्केश्वरी प्रा.वि. प्लास्टर



वडा नं २ अन्तर्गतका कार्यक्रमहरु

अमर मा.वि चुँजा खेलकुद व्यवस्थापन



महिला समुहलाइ पञ्चेबाजा व्यवस्थापन



मगर दिवस



महिला दिवस





वडा नं ३ का विभिन्न कार्यक्रम तथा योजनाका तस्विर





**जनप्रतिनिधी विवरणः**

| क्र.सं | नाम/थर | पद | कार्यालय | फोन नं |
|---|---|---|---|---|
| १. | कृष्ण बहादुर खड्का | अध्यक्ष | गाउँपालिका कार्यालय | ९८५७८३८००१ |
| २. | रमेश कुमार श्रेष्ठ | उपाध्यक्ष | गाउँपालिका कार्यालय | ९८५७८३१८९२ |
| ३. | चिन्ता बहादुर राहुँ | वडा अध्यक्ष | वडा नं १ | ९८१८६६२९०८ |
| ४. | लेख बहादुर थापा | वडा अध्यक्ष | वडा नं २ | ९८४३१५२९५९ |
| ५. | कुमार श्रेष्ठ | वडा अध्यक्ष | वडा नं ४ | ९८४७८२०२७८ |
| ६. | नोमराज पौडेल | वडा अध्यक्ष | वडा नं ३ | ९८५७८३३७५१ |
| ७. | गोपाल बहादुर थापा | वडा अध्यक्ष | वडा नं ५ | ९८४७८२९५०२ |
| ८. | सुर्य बहादुर सार्की | गाउँ कार्यपालिका सदस्य | गाउँपालिका कार्यालय | ९८६९५९५४७७ |
| ९. | तेजमान दमाई | गाउँ कार्यपालिका सदस्य | गाउँपालिका कार्यालय | ९८६६९५९०३२ |
| १०. | सिता पुन | महिला सदस्य | वडा नं २ | ९८१०६९७८४५ |
| ११. | रेशमी थापा मगर | महिला सदस्य | वडा नं ३ | ९८६६९१५१७२ |
| १२. | कमला पौडेल शर्मा | महिला सदस्य | वडा नं १ | ९८४०५६९०५६ |
| १३. | रमा पन्त | महिला सदस्य | वडा नं ४ | ९८४७९८६०७३ |
| १४. | हिमा कुमारी बुढाथोकी क्षेत्री | महिला सदस्य | वडा नं ५ | ९८६७११७९०६ |
| १५. | सिता नेपाली | दलित महिला सदस्य | वडा नं २ | ९८६६१६३७९१ |
| १६. | सुमित्रा वि.क. | दलित महिला सदस्य | वडा नं ३ | ९८४७९७०११४ |
| १७. | विमला वि.क. | दलित महिला सदस्य | वडा नं ५ | ९८४१५५९१४८ |
| १८. | उजेली वि.क. | दलित महिला सदस्य | वडा नं ४ | ९८४७८५५३५२ |
| १९. | कृष्णी सार्की | दलित महिला सदस्य | वडा नं १ | ९८४१४३८९०७ |
| २०. | जिवन जि.एम | सदस्य | वडा नं २ | ९८६३६३२६८१ |
| २१. | गणेश बहादुर घर्ती क्षेत्री | सदस्य | वडा नं २ | ९८४७९७१९४६ |
| २२. | दामोदर नेपाली | सदस्य | वडा नं ३ | ९८४७९७२२३३ |
| २३. | अमर बहादुर घर्तीमगर | सदस्य | वडा नं ३ | ९८४४८८२९९० |
| २४. | देवेन्द्रराज श्रेष्ठ | सदस्य | वडा नं १ | ९८६६९२७१४६ |
| २५. | भरत बहादुर पाण्डे | सदस्य | वडा नं ४ | ९८४७८३९६५६ |

| | | | | |
|---|---|---|---|---|
| २६. | यम बहादुर पुन | सदस्य | वडा नं ५ | ९८६४८२८५८३ |
| २७. | शैलेन्द्र बहादुर बुढाथोकी | सदस्य | वडा नं १ | ९८६६७४८९०२ |
| २८. | कमल प्रसाद पौडेल | सदस्य | वडा नं १ | ९८४७८७७५८० |

**कर्मचारी विवरणः**

| क्र.सं | नाम | पद | शाखा | सम्पर्क नं |
|---|---|---|---|---|
| १. | विजय पौडेल | प्रमुख प्रशासकीय अधिकृत | कार्यालय प्रमुख | ९८५७८३८००३ |
| २. | बाबुराम न्यौपाने | पशु चिकित्सक | पशु सेवा शाखा प्रमुख | ९८४७८२०००० |
| ३. | कमान सिंह केसी | लेखा अधिकृत | आर्थिक प्रशासन शाखा | ९८५७८३८००४ |
| ४. | बन्दना शाक्य | प्रशासकीय अधिकृत | प्रशासन शाखा/ योजना शाखा | ९८४७८२१५९२ |
| ५. | बासुदेव श्रेष्ठ | पशु चिकित्सक | पशु सेवा शाखा/न्यायिक समिति | ९८४७८५१६६१ |
| ६. | पारस शाही | सि.अ.हे.व अधिकृत | स्वास्थ्य शाखा | ९८५७८३३९९९ |
| ७. | बेनीसरा थापा | सि.अ.न.मि निरिक्षक | स्वास्थ्य शाखा | ९८४७८३९४९६ |
| ८. | हेमराज बस्नेत | इन्जिनियर ( सिभिल ) | पूर्वाधार विकास शाखा | ९८६३४५०३८७ |
| ९. | ई. सुरेश पोखेल | सूचना प्रविधि अधिकृत | सुचना प्रविधि शाखा | ९८४७१९९०९० |
| १०. | शरद भण्डारी | रोजगार संयोजक | रोजगार सेवा केन्द्र | ९८४११३६५९५ |
| ११. | अर्जुन श्रेष्ठ | पशु स्वास्थ्य अधिकृत | पशु सेवा शाखा | ९८४७८२०४४९ |
| १२. | विपिन आचार्य | कृषि स्नातक | कृषि शाखा | ९८६१७३८९९४ |
| १३. | रेवती न्यौपाने | सहायक महिला विकास अधिकृत | महिला, बालवालिका शाखा | ९८४८३६६५५५ |
| १४. | शंकर प्रसाद घिमिरे | सहायक लेखा अधिकृत | आर्थिक प्रशासन शाखा | ९८४१९२९११७ |
| १५. | मनोज कुमार जि सी | सहायक प्रशासकीय अधिकृत | जिन्सि शाखा | ९८५७८३८००५ |
| १६. | सावित्रा के सी | वडा सचिव (सहायक प्रशासकीय अधिकृत) | वडा नं ४ | ९८५७८३८५०४ |
| १७. | प्रकाश ओली | सहायक कम्प्युटर अधिकृत | राजस्व शाखा | ९८६०३८४९३९ |
| १८. | ठाकुर प्रसाद आचार्य | सहायक शिक्षा अधिकृत | शिक्षा शाखा | ९८४७९७१२४२ |
| १९. | टेक नारायण पोखेल | सव इन्जिनियर | प्राविधिक शाखा | ९८५७८३३९४४ |

| | | | | |
|---|---|---|---|---|
| २०. | मोति आचार्य | प्रा.स. | कृषि विकास शाखा | ९८४७८५६१२४ |
| २१. | साधना पाण्डे | वडा सचिव (वरिष्ठ प्रशासन सहायक) | वडा नं ५ | ९८५७८३८५०५ |
| २२. | तेज बहादुर के.सी | खा.पा.स.टे. | प्राविधिक शाखा | ९८४७८२०५०८ |
| २३. | युवराज भण्डारी | सव इन्जिनियर | वडा नं ५ | ९८४८०६४४६५ |
| २४. | सुशिला पुन मगर | सव इन्जिनियर | वडा नं २ | ९८६६८३५७१० |
| २५. | निम बहादुर के.सी. | प्रा.स. | कृषि शाखा | ९८६६५३७८१६ |
| २६. | जुमान सिंह नेपाली | सव इन्जिनियर | वडा नं ४ | ९८४९६७९३८६ |
| २७. | मनोज ठकुल्ला | वडा सचिव | वडा नं १ | ९८५७८३८५०१ |
| २८. | विशाल पंगेनी | वडा सचिव | वडा नं ३ | ९८४७२०२८१६ |
| २९. | रेखा चन्द | प्रा.स. | वडा नं २ | ९८४४९१४१०८ |
| ३०. | लक्ष्मी पोख्रेल | एम आइ एस अपरेटर | सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा | ९८६५४५०५४७ |
| ३१. | चिन्तामणी अधिकारी | सव इन्जिनियर | ३ नं. वडा कार्यालय | ९८४८९२२७६५ |
| ३२. | ममता आचार्य | पशु प्राविधिक | ५ नं. वडा | ९८४७९७२४७८ |
| ३३. | फुलमाया वि.क. | उद्यम विकास सहजकर्ता | उद्यम विकास कार्यक्रम | ९८६६१६४४५९ |
| ३४. | माधव राना मगर | हलुका सवारी चालक | | ९८१२८३२०१९ |
| ३५. | विमला वि.क. | अ.सब.ईन्जिनियर | वडा नं १ | ९८६८६६७०३५ |
| ३६. | भुमा शर्मा | पशु प्राविधिक | २ नं वडा | |
| ३७. | पवित्रा के सी | पोषण स्वयंसेवक | बहुक्षेत्रीय पोषण कार्यक्रम | ९८६६९७५८११ |
| ३८. | दिपा गिरी | केन्द्र प्रमुख | अल्पकालिन सेवा केन्द्र | ९८४७९७४७९० |
| ३९. | थमन बहादुर भण्डारी | कार्यालय सहयोगी | गाउँपालिका | ९८४७८३५५३५ |
| ४०. | दामोदर बोहोरा | कार्यालय सहयोगी | गाउँपालिका | ९८४७८५६११० |
| ४१. | राम प्रसाद पाण्डे | कार्यालय सहयोगी | गाउँपालिका | ९८४४९२७९६६ |
| ४२. | ज्ञान प्रसाद श्रेष्ठ | कार्यालय सहयोगी | गाउँपालिका | ९८४७८३८७७९ |
| ४३. | हुम बहादुर वि.क. | कार्यालय सहयोगी | ४ नं. वडा कार्यालय | ९८६१५७१०३६ |
| ४४. | धुब्र भट्ट | कार्यालय सहयोगी | २ नं. वडा कार्यालय | ९८६४३६४५६१ |
| ४५. | विष्णु पौडेल | कार्यालय सहयोगी | १ नं. वडा कार्यालय | ९८४७९९३८०९ |

| | | | | |
|---|---|---|---|---|
| ४६. | चन्द्रा धामी | कार्यालय सहयोगी | ५ नं. वडा कार्यालय | ९८०१२५०१०० |
| ४७. | संजय बुढा मगर | कार्यालय सहयोगी | ३ नं. वडा कार्यालय | ९८४७९७०६०० |
| ४८. | सन्तोष बन्जाडे | कार्यालय सहयोगी | गाउँपालिका | ९८४५०३८२१२ |
| ४९. | बिनोद शाही | कार्यालय सहयोगी | गाउँपालिका | ९८४७८३८८५७ |
| ५०. | वर्षा शाही | कार्यालय सहयोगी | गाउँपालिका | ९८४७८१५५०६ |
| ५१. | सरिता भण्डारी | कार्यालय सहयोगी | अल्पकालिन सेवा केन्द्र | ९८६७४९०६४६ |